# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २६ ] काठमाडौं, पुस २७ गते २०३३ साल [ संख्या ३८

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

### सूचना

नेपाल राष्ट्र बैङ्क (झुत्रो नोट धुल्याउने) (दोस्रो संशोधन) नियमहरू, २०३३

नेपाल राष्ट्र बैङ्क (झुत्रो नोट धुल्याउने) नियमहरू, २०१८ (यसपछि मूल नियमावली भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपाल राष्ट्र बैङ्क ऐन, २०१२ को दफा ३९ ले दिएको अधिकार र यस सम्बन्धमा प्राप्त अरू सबै अधिकारको प्रयोग गरी नेपाल राष्ट्र बैङ्कको सञ्चालक समितिले श्री ५ को सरकारको स्वीकृति लिई देहायका नियमहरू बनाएको छः–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "नेपाल राष्ट्र बैङ्क (झुत्रो नोट धुल्याउने) (दोस्रो संशोधन) नियमहरू, २०३३" रहेको छ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन्।

२. मूल नियमावलीको प्रस्तावनामा संशोधनः– मूल नियमावलीको प्रस्तावनामा रहेको "नेपाल राष्ट्र बैङ्क ऐन, २०१२ को दफा १७" भन्ने वाक्यांशको सट्टा "नेपाल राष्ट्र बैङ्क ऐन, (संशोधनसहित) २०१२ को दफा ३९" भन्ने वाक्यांश राखिएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल नियमावलीको नियम ३ मा संशोधनः– (१) मूल नियमावलीको नियम ३ को खण्ड (ख) को ठाउँ ठाउँमा रहेको "रजिष्टर्ड" शब्दको सट्टा "दर्ता" शब्द राखिएको छ।

(२) मूल नियमावलीको नियम ३ को खण्ड (ग) पछि देहायको खण्ड (घ) थपिएको छ।

"(घ) 'बायाँपट्टिको नम्बर" भन्नाले नोटहरूको बायाँपट्टिको प्रिफेक्ससहित सम्पूर्ण नम्बरलाई सम्झनुपर्छ।"

४. मूल नियमावलीको नियम ४ मा संशोधनः– (१) मूल नियमावलीको नियम ४ को उप–नियम (१) र (२) को सट्टा देहायको उप–नियम (१) र (२) राखिएको छ।

"(१) दर्ता भएको नोटहरू धुल्याउँदा देहायबमोजिमको कार्यविधि अपनाउनुपर्छ।

(क) बैङ्कले खारेज गरी धुल्याउन छुट्याइएका झुत्रो नोटहरूको विस्तृत लगत राखी उक्त नोटहरूको बायाँपट्टिको नम्बर काटेर सुरक्षित राख्नुपर्दछ।

(ख) खण्ड (क) बमोजिम काटेर बाँकी रहन आएको नोटको भागलाई बायाँ पट्टिको नम्बर र विस्तृत लगतसंग भिडाई मिलेपछि पंचिङ मेशीनले प्वाल पार्न सकिने ठाउँ भएसम्म प्वाल पार्नुपर्दछ।

(ग) खण्ड (क) बमोजिम काटेर राखेको बायाँपट्टिको नम्बर र दाबीमा पर्न आएका नोटहरू १० वर्षसम्म बैङ्कले तोकेको कर्मचारी वा कर्मचारी–हरूको जिम्मामा सुरक्षित राखी १० वर्षपछि मात्र उप–नियम (४) ले व्यवस्था गरेको अधिकारीहरूको रोहबरमा जलाई धुल्याउनुपर्छ।

(घ) दाबीमा पर्न आएका नोटहरू धुल्याउँदा खण्ड (क) बमोजिमको कार्यविधि अपनाउनु पर्ने छैन।

(२) बैङ्कले खारेज गरी धुल्याउन छुट्याइएका दर्ता नभएका झुत्रो नोटहरू दाखिल भएकै दिन दश, पाँच र एक दरको करेन्सी नोटहरूमा क्रमशः ५,४,३ का दरले प्वाल पार्नुपर्छ। त्यति प्वालहरू पार्ने ठाउँ नभए सो भन्दा कम तर बढी से बढी जति प्वाल पार्न सकिन्छ त्यति प्वालहरू पार्नुपर्दछ। यसरी प्वाल पार्दा नोटको नम्बरको केही भागमा प्वाल पार्नु अनिवार्य हुनेछ।"

(२) मूल नियमावलीको नियम ४ को उप–नियम (४) को खण्ड (ख) ४ मा रहेको "अधिकृत" भन्ने शब्को सट्टा "प्रतिनिधि" भन्ने शब्द राखिएको छ।

आज्ञाले–

नरकान्त अधिकारी

श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।